**पीसविन**

# सांगठनिक नियमावली - २०६१

(चौथो संशोधन-२०७९)

**प्रस्तावनाः**

पीसविनको सहयोगमा बिभिन्न जिल्लामा जिल्ला समिति, जिल्लाको भौगोलिक अवस्था अनुसार तीन वा तीन भन्दा बढी गा. वि. स. को क्षेत्रिय समिति र गाउँ विकास समितिमा इकाई समितिहरु गठन र संचालनको व्यवस्था गरी ती समितिहरुको गठन प्रक्रिया तथा कार्यजिम्मेवारी तोकेर जिल्लामा संचालित कार्यक्रमहरु जिल्ला समितिद्वारा दिगो व्यवस्थापन गर्न, पीसविनको सांगठनिक स्वरुपमा स्पष्टता ल्याउन नितान्त आवश्यक भएको हुँदा पीसविनको विधान २०४९ (चौथो संशोधन २०५८) को धारा (२७) ले दिएको अधिकार प्रयोग गरी केन्द्रिय कार्यसमितिले देहाय बमोजिमका सांगठनिक नियमहरु बनाई लागू गरेकोछ ।

## परिच्छेद - १

**१- संक्षिप्त नाम र प्रारम्भः**

क) यस नियमावलीको नाम “पीसविन सांगठनिक नियमावली २०६१ (२००४)” रहनेछ ।
ख) यो नियमावली तुरुन्त लागू हुनेछ ।

**२- परिभाषाः**

**विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमाः**

क) “संस्था” भन्नाले पीसविन (शान्तिदीप) लाई सम्झनुपर्छ ।
ख) “इकाई समिति” भन्नाले नेपालका ७५ जिल्ला मध्ये पीसविनको कार्यक्रम संचालन भै यस नियमावलीको दफा (३) बमोजिम गठन भएको समितिलाई जनाउँछ ।
ग) “क्षेत्रिय” भन्नाले पीसविनले जिल्लाको भौगोलिक अवस्था अनुसार तोकेका क्षेत्रका पीसविनका समितिहरुलाई सम्झनुपर्छ ।
घ) “सदस्य” भन्नाले कार्यसमितिका सदस्य र पदाधिकारीलाई समेत सम्झनुपर्छ ।
ङ) “पर्यवेक्षक” भन्नाले केन्द्रिय, जिल्ला र इकाई समिति अन्तर्गत मनोनित मानार्थ र सल्लाहकार तथा अन्य आमन्त्रित प्रतिनिधिहरुलाई सम्झनुपर्छ ।
च) “समूह” भन्नाले पीसविनको कार्यक्रम संचालन भएका समुदाय भित्र गठित समूहहरुलाई सम्झनुपर्छ ।
[1]छ) ”जिल्ला पीसविन (शाखा)” भन्नाले बिभिन्न जिल्लाका सम्न्धित निकायमा दर्ता भै मान्यता प्राप्त समितिलाई सम्झनुपर्छ ।
ज) “जिल्ला समिति” भन्नाले जिल्लामा अलग दर्ता भै संचालन भएका पीसविन संस्थाहरुलाई सम्झनुपर्छ ।
[2]झ) “केन्द्रिय समिति” भन्नाले बाजुरा जिल्ला प्रशासन कार्यालयमा दर्ता प्राप्त गरेको (दर्ता नं. ०३/०४९) लाई सम्झानुपर्दछ ।

## परिच्छेद - २

**३- जिल्ला, क्षेत्र र इकाई समितिको गठनः**

क) पहिलो पटक जिल्ला पीसविन (शाखा) गठनका लागि केन्द्रिय समितिले पहल गर्नेछ । यसका लागि केन्द्रिय समितिको प्रतिनिधि वा तोकिएको व्यक्तिले सदस्यता वितरण गर्नेछन् ।
ख) जिल्ला शाखाको साधारण सभा र अधिवेशनमा केन्द्रिय समितिका प्रतिनिधिलाई अनिवार्य आमन्त्रित गर्नुपर्नेछ ।
ग) इकाई समितिको गठन जिल्ला समितिको पहलमा हुनेछ । इकाईका साधारण सभा र अधिवेशनमा जिल्ला समितिका प्रतिनिधिलाई अनिवार्य आमन्त्रित गर्नेछन् ।

[1] चौथो संशोधनबाट संशोधित
[2] चौथो संशोधनबाट संशोधित

घ) अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र पाँच जना सदस्य रहेको नौ सदस्यीय (कम्तिमा तीन जना महिला) रहेको जिल्ला कार्यसमिति रहनेछ ।

ङ) अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र पाँच जना सदस्य रहेको नौ सदस्यीय इकाई (कम्तिमा तीन जना महिला) कार्यसमिति रहनेछ ।

च) तीन देखि पाँच इकाई गठन भएका क्षेत्रमा इकाई समितिका अध्यक्ष र सचिव, ६ देखि १२ इकाई भएका क्षेत्रमा अध्यक्षहरु सदस्य रहेको क्षेत्रिय कार्यक्रम व्यवस्थापन समिति गठन हुनेछन् । इकाई समितिका अध्यक्ष मध्ये एक जना संयोजक रहनेछन् ।

ज) कम्तिमा दुईटा इकाई समिति गठन नभएको खण्डमा सो क्षेत्र भित्रका गा. वि. स. का सबै साधारण सदस्यहरुको भेलाले आफू मध्येबाट नै क्षेत्रिय कार्यक्रम व्यवस्थापन समिति गठन गर्नेछन् । यसरी गठन हुने समितिमा संयोजक एक र सदस्य रहनेछन् ।

झ) जिल्ला शाखाहरुको गठन तीन-तीन वर्षमा हुने अधिवेशनले गोप्य मतदान वा आम सहमतिका आधारमा गर्नेछन् ।

ञ) प्रत्येक समितिका अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कम्तिमा एक जना महिला हुनेछन् ।

ट) जिल्लामा कम्तिमा १० जना साधारण सदस्य भएमा जिल्ला शाखा गठन हुनेछ ।

ठ) एक गाउँ विकास समितिमा नौ जना साधारणसभा सदस्यहरुको संख्या पुगेमा इकाई कार्यसमिति गठन हुनेछ ।

**४. केन्द्रिय अधिवेशन प्रतिनिधिः**

क) केन्द्रिय समितिका सबै सदस्यहरु

ख) सम्पूर्ण आजीवन सदस्यहरु

ग) केन्द्रिय कार्यसमितिबाट सदस्यता प्राप्त गरेका सम्पूर्ण साधारणसभा सदस्यहरु

घ) केन्द्रिय समितिबाट सदस्यता प्राप्त गरेका संस्थागत सदस्यबाट एक जना प्रतिनिधि

ङ) जिल्ला समितिका अध्यक्ष र जिल्ला कार्यसमितिले मनोनयन गरेका दुई जना (एक महिला समेत) सदस्य ।

**५- जिल्ला र इकाई अधिवेशनः**

क) जिल्ला र इकाईस्तरका अधिवेशन तीन-तीन वर्षमा हुनेछन् ।

ख) जिल्ला अधिवेशनका लागि इकाईबाट नै अधिवेशन प्रतिनिधि चयन हुनेछन् ।

ग) जिल्ला अधिवेशनमा जिल्ला शाखाका सबै पदाधिकारीहरु, सम्पूर्ण आजीवन सदस्यहरु र इकाई समितिका अध्यक्ष समेत तीन जना, अन्य सदस्यमा दश जना साधारण सभा सदस्य बराबर दुई महिला समेत चार जनाका दरले इकाई समितिले चयन गरी प्रतिनिधि आउनेछन् ।

घ) एक जिल्लामा २५ भन्दा कम साधारण सभा सदस्य रहेको र दुई मात्र इकाई समिति रहेको अवस्थामा सम्पूर्ण सदस्यहरु जिल्ला अधिवेशनका प्रतिनिधि रहनेछन् ।

ङ) इकाई अधिवेशन वर्षको श्रावण देखि मंसिर र जिल्ला अधिवेशन मंसिर देखि फागुन भित्र सम्पन्न गरिसक्नुपर्नेछ ।

च) इकाई अधिवेशनमा गा. वि. स. अर्न्तगतका सबै साधारणसभा सदस्यहरु प्रतिनिधि हुनेछन् ।

**५.१. जिल्ला र इकाई अधिवेशनको काम, कर्तव्यः**

क) जिल्ला र इकाई समितिको चयन गर्ने ।

ख) जिल्ला शाखा र इकाई संचालनको लागि नीति पारित गरी स्वीकृतिको लागि केन्द्रिय समितिमा पठाउने ।

**६- साधारण सभाको गठनः**

क) जिल्ला र इकाई तहमा वर्षको एक पटक वार्षिक साधारण सभा बस्नेछ । अधिवेशन भएको वर्षमा भने अधिवेशनलाई नै सो वर्षको साधारणसभा भएको मानिनेछ ।

ख) साधारण सभामा पहिलो पटक गणपूरक संख्या अपुग भै स्थगित भएमा ३० दिनभित्र अर्को सभा बोलाउनुपर्नेछ । यसरी बोलाइएको साधारण सभामा उपस्थित सदस्य संख्या नै गणपूरक संख्या मानिनेछ ।

**६.१. केन्द्रिय साधारण सभाका प्रतिनिधिहरुः**

केन्द्रिय साधारण सभामा देहायका सदस्यहरु प्रतिनिधि रहनेछन् :

क) केन्द्रिय समितिबाट साधारण सदस्यता प्राप्त साधारण सभाका लागि योग्य सदस्यहरु मध्ये दश जना सदस्य रहेको इकाई समिति अन्तर्गतबाट इकाई समितिका अध्यक्ष र दुई जना सदस्य (एक महिला) ।

ख) प्रत्येक जिल्ला कार्यसमितिका अध्यक्ष ।

ग) जिल्लामा कुल साधारण सदस्य (कार्यसमिति सदस्य समेत) ३० जनासम्म भएका जिल्लाबाट थप दुई जना (एक महिला) केन्द्रिय साधारणसभाका लागि प्रतिनिधि मनोनित गरेका सदस्यहरु । यसरी चुनिने प्रतिनिधिहरु जिल्ला कार्य समितिमा वहाल नरहेका हुनुपर्नेछ । तर इकाई समितिमा वहाल रहेको सदस्य प्रतिनिधि हुनसक्नेछन् ।

घ) तीस जना भन्दा बढी साधारण सदस्य भएका जिल्लाबाट थप तीस जना साधारण सदस्य बराबर एक जना केन्द्रिय साधारण सभाको प्रतिनिधि थपिनेछ । यसरी चुनिने प्रतिनिधिहरुमा महिला-पुरुषको समानुपातिक संख्या हुनुपर्नेछ ।

**६.२. जिल्ला साधारण सभाः**

जिल्ला साधारण सभामा देहाय बमोजिमका प्रतिनिधिहरु रहनेछन्:

क) जिल्ला कार्यसमितिका सदस्यहरु र आजीवन सदस्यहरु ।

ख) इकाईबाट जिल्ला र जिल्लाबाट केन्द्रिय साधारणसभामा प्रतिनिधित्व गर्दा जिल्ला अध्यक्ष वाहेक लगातार एकै सदस्यले भाग लिन पाउनेछैन ।

ग) जिल्ला सभामा एक गा. वि. स. मा २० जना साधारण सदस्य भएमा सदस्यको ५० प्रतिशत संख्या महिला- पुरुष बराबर पर्नेगरी जिल्लासभाको लागि इकाई कार्यसमितिले चयन गर्नेछ । तर गा. वि. स. मा २० जना भन्दा बढि सदस्य भएमा प्रत्येक दश जनामा दुई जना थप हुनेछन् । यसरी प्रतिनिधि छनौट गर्दा महिला-पुरुष बराबर हुनुपर्नेछ ।

घ) जिल्ला र इकाई तहका साधारण सभामा उपस्थित सदस्यलाई गणपूरक संख्या मानिनेछ र उपस्थित सदस्यको वहुमतले गरेको निर्णय मान्य हुनेछ ।

**६.३. इकाई साधारण सभाः**

क) इकाई साधारण सभामा गाउँ विकास समिति भित्रका सबै आजीवन सदस्यहरु, संस्थागत सदस्यहरु, साधारण सदस्यहरु सभासद् हुनेछन् ।

## ७) समितिको काम, कर्तव्य र अधिकारः

### ७.१. जिल्ला कार्यसमितिको काम, कर्तव्यः

क) पीसविनको केन्द्रिय समितिले तयार गरेका नीतिहरु बमोजिम जिल्लामा काम गर्ने, केन्द्रिय नीतिसँग नबाझिने गरी जिल्लाका नीति-नियम तयार गरी लागू गर्ने ।

ख) समितिका सदस्यहरुको कार्य विभाजन गरी काम गर्ने ।

ग) जिल्लामा कार्यक्रम संचालन गर्न स्रोतको खोजी गर्ने । तर यसरी आफै वाह्य स्रोतको खोजी गरी कार्य गर्नु परेमा केन्द्रिय समितिलाई जानकारी दिनुपर्नेछ ।

घ) क्षेत्रिय र इकाई समिति गठन र संचालन गर्ने, गराउने ।

ङ) जिल्ला शाखाको कार्यक्रम र प्रगति प्रतिवेदन तयार गरी केन्द्रमा पठाउने ।

च) जिल्ला शाखाको कार्यप्रगति मूल्याङ्कन, अनुगमन, सुपरीवेक्षण गर्ने, गराउने ।

छ) जिल्ला समितिबाट प्रतिनिधित्व गर्ने, गराउने ।

ज) जिल्लामा संचालन भएका कार्यक्रमहरुको प्रभावकारीताका लागि सरोकारवालाहरुसँग समन्वय गर्ने ।

झ) जिल्लामा संचालन गर्नुपर्ने कार्यक्रमहरुको योजना तयार गरी स्वीकृतिका लागि केन्द्रिय समितिमा पठाउने ।

ञ) केन्द्रिय समितिको पूर्व स्वीकृतिमा जिल्लामा कार्यक्रम संचालन गर्न आवश्यक पर्ने कर्मचारीहरुको नियमानुसार भर्ना गर्ने, अवकाशका लागि केन्द्रिय समितिमा सिफारिस गर्ने ।

ट) जिल्लास्तरमा कार्यरत कर्मचारीहरुको कार्यसम्पादनको अनुगमन, मूल्यांकन गरी केन्द्रिय समितिमा पेश गर्ने ।

**७.२. इकाई समितिको काम, कर्तव्यः**

क) पीसविनको केन्द्रिय र जिल्ला समितिले तयार गरेका नीतिहरु बमोजिम काम गर्ने ।

ख) समितिका सदस्यहरुको कार्य विभाजन गर्ने ।

ग) गा. वि. स. मा संचालन गर्नुपर्ने कार्यक्रमहरुको योजना तयार गर्ने र क्षेत्रिय समिति मार्फत जिल्ला वा केन्द्रिय समितिमा पेश गर्ने ।

घ) गा. वि. स. भित्रका सरकारी तथा गैर सरकारी संघ/संस्थाहरुसँग समन्वय गर्ने ।

ङ) इकाई समितिबाट प्रतिनिधित्व गर्ने, गराउने ।

च) जिल्ला र इकाई समितिका बीच पुलको काम गर्ने ।

**८- जिल्ला शाखा र इकाई समिति विघटन हुनसक्नेः**

**देहाय बमोजिका कार्य गर्ने जिल्ला शाखा समिति र इकाई समितिहरुलाई केन्द्रिय समितिले विघटन गर्नसक्नेछः**

क) पीसविनको हित विपरित कार्य गरेमा, केन्द्रिय समितिका निर्णयहरुको पालना नगरेमा ।

ख) राजनैतिक दल, धार्मिक र साम्प्रदायिक प्रचार-प्रसार गरेमा ।

ग) लगातार ६ महिनासम्म निष्क्रिय रहेमा ।

घ) जिल्ला शाखा समिति विघटन भएमा केन्द्रिय समितिले पाँच जनासम्म सदस्य रहेको एक तदर्थ समिति गठन गर्नेछ । र, तदर्थ समितिले एक वर्षभित्र जिल्ला अधिवेशन गरी नयाँ कार्यसमिति गठन हुनेछ ।

ङ) यसैगरी सोही प्रक्रियामा जिल्ला समितिले इकाई समिति विघटन गर्नसक्नेछ । तर, विघटन गर्नु पूर्व सम्बन्धित जिल्ला शाखाले प्रयाप्त कारण सहित केन्द्रिय समितिको लिखित स्वीकृति लिनुपर्नेछ ।

च) इकाई समिति विघटन भएमा सो इकाईबाट क्षेत्रिय समितिमा प्रतिनिधित्व गर्ने पदेन सदस्यहरु स्वतः खारेज हुनेछन् ।

छ) इकाई समिति विघटन भएमा जिल्ला समितिले पाँच जनाको तदर्थ समिति गठन गर्नेछ । र, सो तदर्थ समितिले एक वर्षभित्र इकाई अधिवेशन गरी नयाँ कार्यसमिति गठन गर्नेछ ।

ज) जिल्ला समिति नभएका अवस्थामा इकाई समिति सोझै केन्द्रिय समितिको मातहत रहनेछन् ।

**९) कार्यक्रम संचालन र जानकारीः**

क) जिल्ला शाखाले केन्द्रिय समितिको स्वीकृतिमा कार्यक्रम संचालन गर्नेछन् ।

ख) कार्यक्रम संचालन गर्दा सरोकारवालाहरुसँग समन्वय गरी गर्नेछन् ।

ग) जिल्ला शाखाले जिल्ला भित्रै स्रोत व्यवस्थापन गरी काम गर्दा केन्द्रिय समितिलाई लिखित जानकारी दिनुपर्ने छ, तर लिखित स्वीकृति लिनुपर्नेछैन ।

घ) इकाई समितिले गा. वि. स. मा कार्यक्रम संचालनका लागि स्रोत व्यवस्थापन गर्नसक्नेछन् । यसरी प्राप्त भएको स्रोत बारे जिल्ला समितिलाई लिखित जानकारी दिनुपर्नेछ ।

ङ) जिल्लामा अलग दर्ता प्राप्त गरी आफै व्यवस्थापन गरेको स्रोतमा जिल्लाको नियमानुसार काम गर्नेछन् । यसरी काम गर्दा सम्पूर्ण रुपमा सोही संस्था जवाफदेही हुनेछ ।

**परिच्छेद - ३**

**१०- सदस्यता प्रदान गर्ने विधिः**

क) पीसविनको प्रधान कार्यालय रहेको जिल्ला वाहेक अन्य जिल्लामा सदस्यता प्राप्त गर्न चाहने व्यक्तिले तोकिएको फाराम भरि जिल्ला कार्यसमितिमा बुझाउनुपर्नेछ । सो सदस्यता सम्बन्धी निर्णय जिल्ला समितिले गर्नेछ ।

ख) जिल्लाले प्रत्येक वर्ष चैत्र मसान्तभित्र जिल्लाको सदस्यता अद्यावधिक गरी केन्द्रिय समितिलाई बुझाउनुपर्नेछ ।

ग) जिल्ला समितिले प्रदान गरेका सदस्यहरु नै सम्बन्धित इकाईका साधारण सदस्य हुनेछन् । साधारण सदस्यले प्रत्येक वर्षको असोज मसान्त भित्र जिल्ला समितिमा आफ्नो सदस्यता तोकिएको शु:ल्क तिरी नविकरण गराउनुपर्छ ।

घ) केन्द्रिय समितिबाट प्राप्त गरेका सदस्यताहरु केन्द्रिय समितिबाट नै आवश्यक कार्यवाही हुनेछन् ।

**११) साधारण सदस्यता शु:ल्कः**

**पीसविनको साधारण सदस्यता शु:ल्क देहाय बमोजिम हुनेछः**

क) केन्द्रिय समिति रहेको जिल्लामा छुट्टै जिल्ला समिति रहनेछैन । तर इकाई समिति भने रहनेछन् ।

ख) साधारण सदस्यताका लागि प्रवेश शुल्क रु. ७५/- र वार्षिक शु:ल्क रु. ४५/- हुनेछ । हरेक वर्षको आषाढ मसान्त भित्र नविकरण नगरेमा सोही वर्षको चैत्र मसान्त भित्र अघिल्लो वर्षको दोब्बर शु:ल्क र सो वर्षको समेत नविकरण शु:ल्क लाग्ने छ ।

ग) जिल्ला समितिले साधारण सदस्यताको प्रवेश शु:ल्कको ५० प्रतिशत केन्द्रिय समितिमा बुझाउनुपर्नेछ र ५० प्रतिशत जिल्ला शाखाको कोषमा रहनेछ । वार्षिक शु:ल्कको २५ प्रतिशत केन्द्रिय समितिमा बुझाउनुपर्नेछ र बाँकी रकम जिल्ला शाखाको कोषमा रहनेछ ।

## परिच्छेद - ४

**१२- जिल्ला र इकाई समितिको बैठक सम्बन्धी व्यवस्थाः**

क) जिल्ला समितिको वैठक कम्तिमा दुई महिनाको एक पटक बस्नेछ ।

ख) प्रत्येक वैठकमा सबै सदस्यले अनिवार्य उपस्थित हुनुपर्नेछ । विना सूचना लगातार तीन पटकसम्म उपस्थित नहुने सदस्य स्वतः खारेज हुनेछ । तर यस्ता सदस्यलाई सफाईको मौकाबाट भने वन्चित गरिने छैन ।

ग) पदावधि समाप्त नहुँदै कुनै सदस्यको पद रिक्त हुन आएमा जिल्ला समितिको सिफारिसमा केन्द्रिय कार्यसमितिले बाँकी अवधिको लागि मनोनित गर्नेछ ।

घ) आवश्यकतानुसार जिल्ला समितिको वैठक अन्य समयमा पनि बस्नसक्नेछ ।

ङ) वैठक बस्दा छलफलका विषय समेत अध्यक्षको सल्लाहमा सचिवले तीन दिन अगाडी नै सूचना गर्नुपर्नेछ ।

च) वैठकको अभिलेख तयार गरी निर्णय पुस्तिकाको अन्तमा सबै सदस्यले हस्ताक्षर गर्नुपर्नेछ ।

छ) वैठकको निर्णय आमसहमतीका आधारमा हुनेछ । यदि यसो हुन नसकेमा उपस्थित सदस्यको वहुमतको निर्णय मान्य हुनेछ ।

ज) वैठकको गणपूरक संख्या ५१ प्रतिशतलाई मानिनेछ । पहिलो पटक गणपूरक संख्या अपुग भै वैठक स्थगित गर्नुपरेमा सात दिन भित्र वैठक बोलाउनुपर्नेछ । यसरी बोलाइएको वैठकको गणपूरक संख्या कुल सदस्यको एक-तीहाईलाई मानिनेछ ।

**१३- जवाफदेहिता**

इकाई समिति जिल्ला समितिप्रति र जिल्ला समितिहरु केन्द्रिय कार्यसमिति प्रति जवाफदेही हुनेछन् ।

## परिच्छेद - ५

**विविध:**

**१४- पीसविन जिल्लामा स्वायत्त संस्था हुनसक्ने**

१४.१- जिल्लामा दर्ता भै पीसविनका जिल्ला पीसविन (शाखा) हरु गठन हुनसक्नेछन् ।

१४.२- जिल्लामा नै दर्ता भै संचालन भएका जिल्ला पीसविन (शाखा) हरु पीसविनका स्वायत्त संस्थाका रुपमा रहनेछन् । यसरी गठन हुने वा भएका संस्थाहरुलाई पीसविन केन्द्रिय कार्यालयले आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउनेछन् ।

१४.३- जिल्लामा दर्ता भै संचालन भएका संस्थाहरुले आफैले स्रोत परिचालन गरी कार्यक्रम संचालन गर्नसक्नेछन् ।

१४.४- पीसविनका जिल्ला पीसविन (शाखा) हरु र केन्द्रिय कार्यसमितिले संयुक्त रुपमा कार्यक्रम तयार गरी स्रोत व्यवस्थापन गरेर काम गर्नसक्नेछन् । यसरी काम गर्दा केन्द्रिय समितिले सो कार्यक्रमको अनुगमन र मूल्यांकन गर्नेछ ।

१४.५- जिल्लामा दर्ता भै संचालन भएका पीसविनहरुले केन्द्रलाई बुझाउनुपर्ने सदस्यता शुःल्क बुझाउनुपर्ने छैन ।

**१५- जिल्ला कार्य समिति र इकाई समितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकारः**

**१५.१) अध्यक्षः**

क) बैठकको अध्यक्षता गर्ने ।
ख) समितिका सदस्यहरुको कामको सुपरीवेक्षण र मूल्याङ्कन गरी आवश्यक सुझाब दिने ।
ग) बिभिन्न सरकारी तथा गैर सरकारी संघ/संस्थाहरुसँग समन्वय गर्ने, प्रतिनिधित्व गर्ने, गराउने ।
घ) वैठकमा कुनै विषयमा छलफल हुँदा बराबर मत भएमा निर्णायक मत दिने ।
ङ) समितिका सदस्यहरुको कामको विभाजन गर्ने ।

**१५.२) उपाध्यक्षः**

क) अध्यक्षको काममा सहयोग गर्ने ।
ख) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सम्पूर्ण कार्य गर्ने ।

**१५.३) सचिवः**

क) अध्यक्षको परामर्शमा वैठक बोलाउने ।
ख) संस्थाको आवधिक प्रगति तयार पारी समितिको वैठक र वार्षिक भेलामा पेश गर्ने ।
ग) कार्यालय सम्बन्धी प्रशासकीय कार्य सम्पादन गर्नुका साथै कागजपत्र र अभिलेख सुरक्षित राख्ने ।

**१५.४) कोषाध्यक्षः**

क) वार्षिक वजेट तयार गरी समितिमा पेश गर्ने ।
ख) आय-व्यय तथा खर्चको अभिलेख तथा नगदी-जिन्सीको अद्यावधिक गर्ने ।
ग) आर्थिक प्रतिवेदन तयार गरी कार्य समिति र वार्षिक भेलामा पेश गर्ने ।

**१५.५ सदस्यः**

क) समितिले गरेका निर्णयहरुको कार्यान्वयन गर्ने ।
ख) समितिको वैठकमा आफ्नो राय पेश गर्ने ।
ग) समितिले तोकेका अन्य कार्य गर्ने ।

**१६- निर्वाचन सम्बन्धी व्यवस्थाः**

जिल्ला समितिको निर्वाचनका लागि केन्द्रिय समितिका प्रतिनिधि र इकाई समितिको निर्वाचनका लागि जिल्ला समितिको प्रतिनिधिको संयोजकत्वमा दुई जना साधारण सभा सदस्य (एक महिला)

रहेको निर्वाचन समिति गठन गरिनेछ । यस समितिले तयार गरेको निर्वाचन कार्यक्रम अनुसार निर्वाचन हुनेछ ।

**१७) उमेदवार हुनको लागि योग्यता:**

क) सदस्यता प्राप्त गरेको एक वर्ष पूरा भएपछि जिल्ला शाखा र इकाई समितिको उमेदवार हुनसक्नेछ । तर पहिलो पटक गठन हुने समितिका हकमा यो नियम लागू हुनेछैन ।

ख) निर्वाचन समितिमा रहेको व्यक्ति उमेदवार हुन पाउने छैन ।

ग) समितिको अध्यक्ष, र सचिवमा उमेदवार हुनका लागि कम्तिमा एक अवधि कार्यसमितिको सदस्यमा रहिसकेको हुनुपर्नेछ । तर प्रथम पटक कार्यसमितिको निर्वाचन हुँदा यो नियम लागू हुनेछैन ।

घ) १८ वर्ष उमेर पूरा गरेको नेपाली नागरिक हुनुपर्नेछ ।

ङ) कुनै सार्वजनिक सम्पत्ति हिनामिना गरेको वा सार्वजनिक अभियोग लागेको व्यक्ति उमेदवार हुनपाउने छैन ।

च) पीसविनको कर्मचारीबाट राजिनामा गरेको एक वर्ष ननाघि उमेदवार हुनपाउँदैन ।

**१८) कार्यालय:**

जिल्ला शाखा समितिको जिल्ला सदरमुकाममा र इकाई समितिको गा. वि. स. को पायक पर्ने ठाउँमा कार्यालय रहनेछन् ।

**१९) स्थायी समिति**

९.१ कार्यक्रम र कार्यालय एवं कर्मचारीको व्यवस्थापनको लागि कार्यसमितिको निर्णय आवश्यक पर्नेछ, । तर तत्काल समितिको बैठक बोलाउन नसकिने अवस्था भएमा पछि समितिको बैठकबाट अनुमोदन गर्नेगरी काम गर्न, गराउन सबै तहका समितिमा अध्यक्षको संयोजकतत्वमा सचिव र कोषाध्यक्ष सदस्य, जिल्ला कार्यक्रम संयोजक सदस्य-सचिव रहेको स्थायी समिति रहनेछ ।

१९.२ स्थायी समितिको वैठक आवश्यकता अनुसार बस्नेछ ।

१९.३ स्थायी समितिका निर्णयहरु समितिको वैठकमा अनुमोदन नभएमा तत्कालसम्म गरिएका कार्यहरु संस्थाको हितमा भएसम्म अमान्य मानिने छैन

**२०) सामाजिक परिचालन तथा कार्यक्रम कार्यान्वयन कार्यनीति :**

सामाजिक परिचालन तथा कार्यक्रम कार्यान्वयन कार्यनीति **अनुसूचि-१** बमोजिम हुनेछ ।

**२१) नीति निर्माण :**

नीति निमार्ण प्रक्रियाको ढाँचा **अनुसूचि-२** बमोजिम हुनेछ ।

**२२) सम्बन्ध र समन्वय :**

सम्बन्ध विस्तार तथा समन्वय पद्दती **अनुसूचि-३** बमोजिम हुनेछ ।

**२३) विभागीय संरचना :**

पीसविनमा देहाय बमोजिमका विभागहरु रहनेछन् :

**क) कार्यालय व्यवस्थापन र संचालन विभाग**

काम, कर्तव्य:

- दैनिक प्रशासनिक रेखदेख र व्यवस्थापन गर्ने ।
- कार्यालयका अभिलेख अध्यावधिक गर्ने ।
- कार्यालयको सामग्रीको संरक्षण गर्ने ।
- संस्थाका कार्यक्रममा आवश्यक व्यवस्थापकीय सहयोग गर्ने ।

**ख) संगठन विकास र सुदृढिकरण विभाग**

काम, कर्तव्य:

- संस्थागत सदस्यता अध्यावधिक गर्ने ।
- विभिन्न तहका संस्थागत संरचना गठन र विकास गर्ने ।
- पीसविनको संस्थागत विकासका अवसरहरुको खोजी गर्ने ।
- समुदायका संस्थाहरु र समूहहरुको संस्थागत र कार्यक्रमगत विकासका लागि योजना तयारी गर्ने र कार्यान्वयन गर्ने ।
- समूहहरुका नेटवर्कहरु परिचालन गर्ने र सवालहरुमा पैरवी योजना तयार गरी कार्यान्वयन गर्न सघाउने ।

**ग) स्रोत व्यवस्थापन विभाग**

काम र कर्तव्यहरु:

- कार्यक्रमका प्रस्ताव तयार गर्ने ।
- बालबालिका र महिला अधिकारका कार्यक्रम र ती कार्यक्रम संचालन गर्ने रणनीति तयारी गर्ने ।
- कार्यक्रमका लागि सरोकारवालाहरुसँग समन्वय गर्ने ।
- पीसविनको दिगो विकासका लागि आन्तरिक स्थायी स्रोतहरुको व्यवस्थापन गर्ने ।

**घ) संचेतना र पैरवी विभाग**

- सामाजिक सवालहरु पहिचान गर्ने र योजना तयार गर्ने ।
- संस्थागत नीति र समुदायको हितमा हुने सरकारी नीतिको विश्लेषण गर्ने र आवश्यक प्ररवी योजना तयार गर्ने ।

**ङ) अनुसन्धान, सूचना, अभिलेख र प्रकाशन विभाग**

काम, कर्तव्य:

- पीसविन एवं यसका कार्यक्रमसँग सम्बन्धित सूचनाहरु संकलन गर्ने, अभिलेख तयार गर्ने र प्रवाह गर्ने ।
- सूचना केन्द्रको व्यवस्थापन गर्ने ।
- संसथाका आवश्क सामग्री प्रकाशन गर्ने र प्रचार-प्रसार गर्ने ।

२३.१) पीसविनका विभागहरुको संयोजकत्वका लागि कार्यसमितिका पदाधिकारी तथा सदस्यको संयोजकत्वमा कार्यक्रम प्रमुख सदस्य-सचिव रहेको विभागीय उप-समितिहरु रहनेछन् । पीसविनका कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन, सहभागितामुलक निर्णय प्रक्रियाका लागि **अनुसूची-४** बमोजिमको आन्तरिक निर्णय पद्दती रहनेछ ।

२३.२) पीसविनको कार्यक्रमको प्रभावकारिताका लागि समितिका पदाधिकारी तथा सदस्यको संयोजकत्वमा बढीमा एक जना साधारण सदस्य, कार्यक्रम संयोजक रहेको परियोजनागत व्यवस्थापन उप-समिति गठन गरिनेछ । उप-समितिहरुको कार्य ताकिए बमोजिम हुनेछ ।

२३.३) कुनै कर्मचारी, सदस्य, सहयोगी निकाय वा व्यक्तिले पीसविनको हितमा पुऱ्याएको योगदानको आधारमा समितिले निर्णय गरी पुरस्कार वा प्रसंशा-पत्र वा दुवै प्रदान गर्नसकिनेछ । यस्तो पुरस्कार वा प्रसंशा-पत्र कुनै पनि समारोहमा दिईनेछ ।

**२४) सल्लाहकार समितिः**

जिल्ला शाखा समिति र इकाई समितिले तीन जना (कम्तिमा एक जना महिला) विषय विशेषज्ञको एक सल्लाहकार समितिको गठन गर्नसक्नेछन् । जिल्ला शाखा समितिले पीसविनलाई आर्थिक, भौतिक, मानविय सहयोग गर्ने, ख्याती प्राप्त व्यक्तिलाई मानार्थ सदस्यता प्रदान गर्नसक्नेछन् ।

**२५) विनियम बनाउने:**

क) जिल्ला शाखा समितिहरुले जिल्ला, इकाई समिति स्तरका लागि आवश्यक विनियम बनाउन सक्नेछन् ।

ख) जिल्ला शाखा समितिका नीति, नियम तथा विनियमहरु केन्द्रिय समिति र प्रचलित ऐन कानुनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछन् ।

ग) जिल्ला शाखा समितिले तयार गरेका विनियमहरु केन्द्रिय कार्यसमितिले अनुमोदन गरेपछि मात्र लागू हुनेछन् ।

**२६) अविश्वासको प्रस्ताव:**

२६.१. जिल्ला र इकाई समितिका पदाधिकारी तथा सदस्य माथि निम्न अवस्थामा अविश्वासको प्रस्ताव पेश गर्न सकिनेछ:

क) पीसविनको हित विपरित कार्य गरेमा ।

ख) पीसविनको सम्पत्ति हिनामिना गरेमा ।

ग) पीसविनका आचारसंहिताहरुको पालना नगरेमा ।

२६.२. अविश्वासको प्रस्ताव पेश गर्दा तीन जना साधारण सदस्य प्रस्तावक र तीन जना सदस्यहरु समर्थक रहेको प्रस्ताव सम्बन्धित कार्यसमितिमा पेश गर्नुपर्नेछ ।

२६.३. अविश्वास प्रस्ताव दर्ता भएको सदस्यलाई अर्को साधारण सभासम्मको लागि निलम्बन गर्नसक्नेछ ।

२६.४. साधारणसभामा उपस्थित सदस्य संख्याको वहुमतले अनुमोदन गरेमा प्रस्ताव पारित भएको मानिनेछ ।

२६.५. अविश्वासको प्रस्ताव लागेको सदस्यलाई सफाईको मौका दिइनेछ । कार्यसमितिको दुई-तीहाई संख्याले सफाई दिने निर्णय गर्नसक्नेछ । यसरी सफाई पाएमा सो अविश्वासको प्रस्ताव साधारण सभामा पेश गरिनेछैन । तर, सोको प्रतिवेदन पेश गर्नुपर्नेछ । यी सबै प्रक्रियाहरु लिखित हुनुपर्नेछ ।

**२७) अन्तिम निर्णय:**

निर्वाचन तथा कुनै पनि विषयमा विवादको अन्तिम निर्णय गर्ने अधिकार केन्द्रिय कार्यसमितिलाई हुनेछ ।

**२८) विशेषाधिकार:**

यस नियमावलीमा भएका नियमहरुको संशोधन गर्ने, स्पष्ट तथा व्याख्या गर्ने सम्पूर्ण अधिकार केन्द्रिय कार्यसमितिलाई हुनेछ । तर आवश्यक सल्लाह जिल्ला समितिबाट लिनसक्नेछ ।

**२९) प्रतिनिधित्वको स्पष्टिकरण:**

केन्द्रीय प्रतिनिधि भन्नाले केन्द्रीय समितिले तोकेको व्यक्ति, जिल्ला र इकाई प्रतिनिधि भन्नाले सम्बन्धित समितिको अध्यक्षले तोकेको व्यक्तिलाई सम्झनुपर्छ ।


(समाप्त)

अनुसूची -१

# पीसविन

## सामाजिक परिचालन तथा कार्यक्रम कार्यान्वयन कार्यनीतिको ढाँचा


(नियम (१५) को उपनियम (१५.१) को (१५.१.४) को (क) सँग सम्बन्धित)



**Participatory Approach with community**

## पीसविन
## नीति निर्माण प्रकियाको ढाँचा


**अनुसूची- २**




**अनुसूची-३**

## पीसविन
## सम्बन्ध तथा समन्वय प्रकियाको ढाँचा

नियम (१५) को उपनियम (१५.१) को (१५.१.६) सँग सम्बन्धित



**अनुसूची - ४**

## आन्तरिक निर्णय प्रकियाका तह र क्षेत्रहरु

### अधिवेशन, साधारण

- जिम्मेवार व्यक्ति : अध्यक्ष
- वैठक अवधि : तीन वर्ष ⁄ वार्षिक
- निर्णय क्षेत्र :
  - विधान, नीति-नियम पारित
  - संस्थाको लक्ष्य निर्धारण
  - कार्यक्रम योजना पारित
  - समितिको चयन

### कार्य समिति

- जिम्मेवार व्यक्ति : अध्यक्ष
- वैठक अवधि : ९० दिन ननाघेर
- निर्णय क्षेत्रहरु :
  - विधान, नीति नियम तयारी, कार्यान्वयन
  - कार्यक्रम तयारी, अनुगमन, समीक्षा
  - कर्मचारी व्यवस्थापन
  - सम्बन्ध र समन्वय
  - आर्थिक व्यवस्थापन

### स्थायी समिति (अध्यक्ष, सचिव, कोषाध्यक्ष, कार्यकारी ⁄ जिल्ला

- जिम्मेवार व्यवक्ति : अध्यक्ष
- वैठक समय : मासिक
- निर्णय क्षेत्रहरु : दैनिक कार्यमा समितिलाई सहयोग, कार्यक्रम संचालन

### परियोजना व्यवस्थापन टीम (समिति सदस्य संयोजक १, परियोजना प्रमुख १

- जिम्मेवार व्यक्ति : संयोजक सदस्य/परियोजना प्रमुख
- वैठक अवधि : आवश्यकतानुसार
- निर्णय क्षेत्रहरु :
  - परियोजनाको कार्य सम्पादन
  - आर्थिक अनुगमन
  - अन्तर परियोजना समन्वय र सम्बन्ध
  - कार्यक्रमका निर्देशिका तयारी र कार्यान्वयन
  - परियोजनाको समीक्षा, प्रतिवेदन तयारी

**All स्टाफ वैठक**

जिम्मेवार व्यक्ति : कार्यकारी संयोजक

वैठक समय : वार्षिक

निर्णय क्षेत्रहरु :

- कार्यक्रमको कार्ययोजना, कार्यान्वयन, समीक्षा
- आर्थिक योजना र कार्यान्वयन समीक्षा
- नीति, नियमको कार्यान्वयन समीक्षा र सुधार

**सुपरभाइजर स्टाफ वैठक**
(परियोजना प्रमुखहरु)

जिम्मेवार व्यक्ति : कार्यक्रम संयोजक

वैठक अवधि : मासिक

निर्णय क्षेत्रहरु :

- विभागीय कार्य समीक्षा, समन्वय
- नीति-नियम, आचारसंहिता कार्यान्वयन, अनुगमन
- आर्थिक पुनरावलोकन

**स्टाफ वैठक**
(परियोजनास्तर)

जिम्मेवार व्यक्ति : परियोजना प्रमुखहरु

वैठक अवधि : मासिक

निर्णयका क्षेत्रहरु:

- परियोजना कार्यान्वयन, प्रगति प्रतिवेन, आर्थिक अनुगमन
- कियाकलापगत निर्देशिका तयारी
- परियोजना निर्देशिका कार्यान्वयन, पुनरावलोकन
- सरोकारवाला परिचालन
- परियोजनाको प्रभावकारिताका लागि अन्य श्रोत सिफारिस

**स्टाफ वैठक**
(प्रशासन)

जिम्मेवार व्यक्ति : कार्यकारी संयोजक/वित्तिय व्यवस्थापक

वैठक अवधि : साप्ताहिक

निर्णय क्षेत्रहरु :

- सरोकारवालासँग सम्बन्ध, समन्वय
- आचारसंहिता, नीति नियम कार्यान्वयन अनुगमन
- कार्यक्रमका Inputs को प्रवाह
- अन्य तहका वैठकको नियमितता भए, नभएको
- कार्यक्रमका लागि अन्य श्रोतको सिफारिस
- संस्था र कार्यक्रमका सूचना संकलन र प्रवाह
- समिति. कार्यक्रम स्टाफ बीच पलको कार्य

**स्वयंसेवकहरुको समूह**
**At all Level**

**निर्णय प्रकियाको स्पष्टता :**

- संस्थाको विधान, नीति-नियम, समितिको निर्णय, स्वीकृत कार्यकम वाहेकका संस्थालाई थप व्ययभार पर्ने तथा नीति नियमलाई असर पर्ने कार्य र निर्णयहरु गर्नुपर्ने अवस्थामा प्रयाप्त कारण साथ प्रशासन कर्मचारी वैठक, All स्टाफ वैठक र व्यवस्थापन समितिको वैठकले मात्र गर्नेछ र यसरी भए, गरेका निर्णयहरु तत्काल अस्थाई रुपमा अध्यक्षको स्वीकृति लिई कार्य गर्ने र आगामी कार्यसमितिको वैठकमा अनुमोदनका लागि पेश गर्नुपर्नेछ ।
- तल्लो स्तरमा भएका निर्णयहरु संस्थाको हितमा नभएमा माथिल्लो तहको वैठकले रद्ध गर्नसक्नेछ ।
- कुनै पनि तल्लो तहबाट भएका निर्णयहरु माथिल्लो तह वा समितिको वैठकमा अनुमोदनका लागि पेश गर्नु भनेको स्वतः अनुमोदन होइन । संस्थाको हितमा भएका तत्कालसम्मका कार्यहरु अमान्य नहुने गरी उपयुक्त विकल्प सहित माथिल्लो तहले उक्त निर्णयको वैकल्पिक व्यवस्था गर्नसक्नेछ ।

**स्वयंसेवक समूहको सन्दर्भमा :**

- स्वयंसेवक समूह सदस्यले संस्था र कार्यकमको हित एवं प्रभावकारिताका लागि कुनै पनि तहलाई आवश्यक सुझाव र सल्लाह दिनसक्नेछन् ।
- स्वयंसेवक समूह सदस्य आफ्नो जिम्मेवारीको कार्यकम विषयमा छलफल हुने कुनै पनि वैठकमा उपस्थित हुनसक्नेछन् ।
- आफू बसोवास गर्ने गा. वि.स. मा पीसविनको कार्यकमको अनुगमन गर्ने र सो क्षेत्रमा कार्यरत कर्मचारीलाई सहयोग गर्ने ।

**बिभिन्न तहमा हुने निर्णयको औचित्यता :**

- संस्थाका कार्यकमहरुमा छरितोपना र प्रभावकारीता ल्याउने ।
- पारदर्शितालाई अझैं आन्तरिक र वाह्य तहमा बढावा गर्ने ।
- निर्णय गर्नुपर्ने कार्यहरुलाई कार्यान्वयन गर्दा सामूहिक सहभागिता र जिम्मेवारीपना महशुश गराउने ।
- निर्णय प्रकियालाई संस्थागत रुपमा विकेन्द्रित गर्ने ।

"समाप्त"

PRO
CES